# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. नेपाल र IMF/WB का प्रतिनिधि मण्डलबीच भेटवार्ता



गभर्नर डा. चिरंजीबि नेपालसँग नेपाल भ्रमणमा रहेको IMF Mission Chief Mr. Geagard J. Almekinders, IMF Senior Resident Representative, Mr. Thomas J. Richardson र World Bank प्रतिनिधि Miqual Dialman सहितको टोलीले जेठ १ गते भेटवार्ता गऱ्यो । भेटवार्ता तथा छलफलका क्रममा गभर्नर डा. नेपालले April 25 र May 12 पछिको भूकम्पबाट नेपालको अर्थतन्त्रमा पारेको असर बारे जानकारी गराउनुका साथै क्षतिको यकिन विवरण प्राप्त भएपछि यसको असर र बैंकले लिनुपर्ने नीति तय हुने बताउनु भयो । भूकम्पबाट रियल स्टेट, हाइड्रोपावर, विद्यालय, अस्पताल लगायतका क्षेत्रमा क्षति पुगेको उल्लेख गर्नु भयो । पुनर्निर्माण तथा पुनर्स्थापनाको नीति निर्माण गर्न विश्व बैंकबाट भइरहेको Post Disaster Need Assessment (PDNA) को प्रतिवेदन यस सन्दर्भमा महत्वपूर्ण हुने धारणा गभर्नर डा. नेपालले राख्नुभयो ।

साथै, IMF Mission Chief Mr. Almekinders ले यस मिसनको उद्देश्य भूकम्पबाट नेपालको अर्थ व्यवस्थामा पारेको असर मूल्यांकन गरी उपयुक्त नीतिगत सुझाव प्रदान गर्नु रहेको बताउनु भयो । उहाँले विश्व बैंकको Need Assessment लगायतका विषयमा मिलेर काम गर्ने तथा आपसी सहयोग सम्बन्धमा नेपाल राष्ट्र बैंकसँग सहकार्य गर्ने प्रतिबद्धता दोहऱ्याउनु भयो । सोही क्रममा IMF ले आवश्यक परेमा RCF जस्ता सहुलियतपूर्ण ऋण प्रदान गर्न सक्ने समेत बताउनु भयो भने गभर्नर डा. नेपालले यस सम्बन्धमा क्षति र आवश्यकताको वास्तविक मूल्यांकन भइसकेपछि IMF लाई आवश्यक जानकारी गराउने बताउनु भयो । उक्त भेटवार्ता तथा छलफलका क्रममा IMF का Mr. Thomas J. Richardson र WB का प्रतिनिधि Miqual Dialman ले समेत आफ्नो धारणा राख्नु भएको थियो भने डेपुटी गभर्नर श्री महा प्रसाद अधिकारीले हालैका दिनमा नेपाल राष्ट्र बैंकले लिएको पुनरकर्जा लगायतका नीतिहरु बारे प्रष्ट पार्नु भएको थियो ।

२०७२ जेठ १, शुक्रबार

गभर्नरको कार्यालय